अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

खण्ड ७ | संख्या १ | मितिः २०८०।१२।०४

## भाग-१

## जनकपुरधाम उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम, धनुषा
## मधेश प्रदेश, नेपाल

### सामाजिक सहायता सञ्चालन तथा व्यवस्थापन ऐन, २०८०

**प्रस्तावनाः–**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बमोजिम नगर कार्यपालिकाले बनाएको जनकपुरधाम उपमहानगरपालिका को “जनकपुरधाम उपमहानगरपालिकाको सामाजिक सहायता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९” सर्वसधारणको जानकारीका लागि प्रकाशन ग्रिएको छ ।

“सामाजिक सहायता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९” उपमहानगरपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दिर्घरोगी जस्तै मृगैला, क्यान्सर, पक्षघात तथा मस्तिष्क घात लगयतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिको सामना ग्रिरहेका नागरिकहरुलाई तत्काल केही राहत उपलब्ध गराउन आवश्यक देखि आर्थिक सहायता कोष स्थापना र संचालन गर्न वाञ्छनिय भएकोले,

अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

उपमहानगरपालिकाको विनियोजन ऐन २०७९ बमोजिम आर्थिक सहायता कोषलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न यो आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ लाई उपमहानगरपालिकाको मिति २०७९।७१गते मा बसेको नगर कार्यपालिकाको बैठकले स्वीकृत गरि लागु गरेको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम सामाजिक सहायता कोष संचालन तथा व्यवस्थापन ऐन, २०७८ रहेको छ ।

(२) यो ऐन उपमहानगरपालिकाले स्विकृत गरे पश्चात तुरुन्त लागु हुनेछ ।

२.पभिाषाः

विषय वा प्रसंङले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन” भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको सामाजिक सहायता सञ्चालन तथा व्यवस्थापन ऐन, २०७९” लाई जनाउनेछ ।

(ख) “नगर प्रमुख” भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको प्रमुखलाई जनाउने छ ।

(ग) “उपप्रमुख” भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्र्छ ।

(घ) “कार्यपालिका” भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) “उपमहानगरपालिका” भन्नाले जनकपुरधाम उपमहानगरपालिका लाई सम्झनु पर्र्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

(छ) “कोष” भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको आर्थिक सहायता कोषलाई जनाउनेछ ।

(ज) “सामाजिक सहायता भन्नाले भुकम्प, बाढी, पहिरो, आगलगी, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपत लगायत मानवीय जीवनमा दीर्घकालिन हसर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, मष्तिकघात तथा पक्षघात जस्ता दीर्घरोगीबाट पिडित अति विपन्न व्यक्तिहरुको लागि तत्काल गरिने आर्थिक सहायता लाई जनाउंछ ।

## परिच्छेद–२
## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

३.अवधारणा :–

जनकपुरधाम उपमहानगरपालिकामा हुने प्राकृतिक तथा मानव र्सिजित विपदबाट प्रभावित व्यक्ति, परिवार तथा संघ/संस्था लाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थिक स्थिति रहेका (विपन्न अति विपन्न) दिर्घरोगीहरु लगायत अप्रत्याशित घटनामा परि अंगभंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुर्याउने यस प्रकारको कोषको स्थापना ।

४.लक्षय :–

प्राकृतिक तथा मानव सृर्जित विपदमा परेका व्यक्ति, परिवार तथा संघ /संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अंगभंग भएकाहरुलाई तत्काल राहत सहयोग पुर्याउन र अप्रत्याशित स्थितिमा गरिने कार्यहरु गरि राहत उपलब्ध गराउनु नै कोषको लक्ष्य रहेको छ ।

अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

५. उद्देश्य :–

(१) विपद् पिडितहरुलाई राहत उपलब्ध गराउने,

(२) आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्माक कार्य गर्ने ।

(३) अति विपन्न/ विपन्न घर परिवारलाई तत्काल राहत पुर्याउने ।

६.नीति :–

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराई पुनःस्थापना तर्फ उन्मुख गराउने ।

(२) उपमहानगरपालिकाको कार्य क्षेत्रभित्र परि भैपरि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरी क्षति न्यूनिकरण गर्ने ।

(३) स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगी, दुर्घटनामा परि अंगभंग हुनेहरुलाई तत्काल उपलब्ध गराउने ।

## परिच्छेद–३
## कोषको स्थापना

७.कोष स्थापना :–

(१) "सामाजिक सहायता कोष" नाम गरेको एक कोषको जनकपुरधाम उपमहानगरपालिकाले स्थापना गर्नु पर्ने छ ।

८.कोषमा जम्मा हुने रकम :–

(१) नगरसभाबाट सामाजिक सहायता कोषको लागि बार्षिक रुपमा विनियोजन हुने रकम ।

(२) दातृ निकाय, गैह्र सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य श्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम ।

## परिच्छेद –४
## कोष रकम परिचालन सम्बन्धी व्यवस्था

९. कोषबाट खर्च हुने क्षेत्र :–

(१) कोषबाट प्राकृतिक विपद्बाट भएका जनधनको क्षती र दीर्घरोग लागेका विपन्न वर्गको उपचार खर्चको लागि आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) प्राकृतिक विपद्का कारण जनधनको क्षती भएमा देहाय अनुसारको सामाग्री तथा नगद सहायोग उपलब्ध गराउन सक्ने छ ।

| सि.नं. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षतिको विवरण) | सामाग्री तथा नगद सहयोग | |
|---|---|---|---|
| १ | घर/गोठ जलेर सामाग्री समेत नष्ट भएको | त्रिपाल लगाउत खाद्यान्न | रु.५,०००।– देखि ५०,०००।– सम्म |
| २ | पसल अथवा डिपार्टमेन्ट स्टोरमा आगलगी भई सामाग्री नष्ट भएमा | | रु.५,०००।– देखि २,००,०००।– सम्म |

## अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

| | | | |
|---|---|---|---|
| ३ | धान गहु , परालको टौवामा आगलगी भई नष्ट भएमा | | रु.५०००।– देखि २५,०००।– सम्म |
| ४ | सघन विमारी, रोगी उपचार वापत | | रु.१०,०००।– देखि ७०,०००।– सम्म |
| ५ | विभिन्न जटिल तथा दीर्घरोगीहरुका प्रकृतिक र निजको आर्थिक अवस्था हेरी प्रति व्यक्ति उपचार खर्च उपलब्ध गराउन सक्ने | | रु.२०,०००।– देखि ७०,०००।– सम्म |
| ६ | कुनै दुर्घटनामा परि मृत्यु भएमा | | रु.२०,०००।– देखि ८०,०००।– सम्म |
| ७ | अन्य पालिकामा विपद्बाट भएका छतिलाई मध्ये नजर गरी सहयोग गर्नु परेमा विपद व्यवस्थापन समितिको सिफारिसमा | | नगरकार्यपालिकाको निर्णयानुसार |

१०. सहयोग मांग गर्दा पेश गर्नु पर्ने कागजात :–

(१) नगर कार्यपालिकाको कार्यालयमा दफा १० बमोजिम आर्थिक सहयोग प्राप्त गर्न यसै दफा ( २) र ( ३) बमोजिमका काजगातहरु पेशगर्नु पर्नेछ ।

(२) प्राकृतिक विपदबाट धनजनको क्षती सन्दर्भमा पेश गर्नु पर्ने कागजातहरु :–
- (क) निवेदन
- (ख) सम्बन्धित वडा कार्यादयको सिफारिस
- (ग) सम्बन्धित प्रहरी कार्यालयको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन
- (घ) क्षतीको फोटो
- (ङ) आवश्यक भएमा क्षतीको पविधिक मुल्यांकन
- (च) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणीत सिफारिस पत्र
- (छ) अनय आवश्यक प्रमाणहरु

(३) उपमहानगरपालिकाले औषधी उपचारका लागि सहयोग उपलब्ध गराउंदा निम्न प्रकृया अवलम्बन गर्नु पर्ने छ ।
- (क) सम्बन्धित व्यक्ति वा निजका अभिभावक वा निजको संरक्षकको निवेदन,
- (ख) निवेदन सुाथ सम्बन्धित अस्पताल, नसिंह होम वा स्वास्थ्य क्लिनिक वा जांच गर्ने नेपाल सरकारबाट मान्यता प्राप्त स्वीकृत चिकित्सकले जांच गरेको प्रमाणको प्रतिलिपि,
- (ग) सम्बन्धित चिकित्सकले उपचारका लागि लेखि दिएका औषधीहरुको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण ,
- (घ) कडा रोग लागि अप्रेशन गर्नु पर्ने, कुनै अंग फेर्नु पर्ने वा उपचारका लागि धैरै खर्च लाग्ने भएमा मेडिकल वोर्डको सिफारिस सम्बन्धित कागजात,
- (ङ) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणपत्र सिफारिस ।

११. सामाजिक सहायता तथा उपचार खर्च सम्बन्धमा नगर प्रमुखज्यूको तोक आदेशबाट गरिने तथा विपन्न वर्गलाई वडाको सिफारिसका आधारमा रु. २,०००।– देखि १५,०००।– सम्म दिन सकिने सो भन्दा बढी सहायता दिनु पर्ने भएमा कार्यपालिकाको बैठकबाट निर्णय गराई २,००,०००।– दुई लाख सम्म दिन सकिनेछ ।

अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

परिच्छेद–५
कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

१२. कोषको सामाजिक तथा प्रशासकिन व्यवस्था :

(१) सामाजिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धित प्रचलित कानून बमोजिम हुने छ।

परिच्छेद–६
विविधि

१३. सामाजिक सहायता कोषको रकम वृद्धि गर्न सक्ने :

(१) नगरपालिकाले नगरसभाबाट स्वीकृती गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यकतानुसार कोषको रकम बृद्धि गर्न सक्नेछ।
(२) जांचपांस तथा फरफारक(१) कोषबाट खर्च भएको रकमको जांच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ।

१४. कार्यविधिको संशोधनः

यस कार्यविधिलाई उपमहानगरपालिकाले आवश्यक देखेमा संशोधन गर्न सकिनेछ।

१५. बचाऊ र खारेजी :

(१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धित प्रचलित कानून बमोजिम हुने छ।

(२) कुनै करणबस कोषको सञ्चालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा उपमहानगरपालिकाले कोषलाई खारेज गर्न सक्नेछ।

**प्रमाणिकरण मिति:-२०८०।१२।०४**

**प्रकाशित मिति:- २०८१।०१।२६**

**आज्ञाले**

**टेकराज पन्थी**

**प्रमुख प्रशासकीय अधिकृत**

**जनकपुरधाम उपमहानगरपालिका बाट प्रकाशित मुल्य रु. १०।– दश रुपैया**